# प्रेस नोट

**जेष्ठ नागरिक (७० वर्ष माथी) र पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम सम्बन्धी प्रेस नोट ।**

कनकाई नगरपालिका क्षेत्र भित्र वसोवास भएको नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएको जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएको व्यक्तिहरुको स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले यस नगरपालिकाको प्रथम नगर सभावाट यसै आर्थिक वर्षबाट लागू हुने गरी ७० वर्ष माथीका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गताको कार्ड प्राप्त व्यक्तिहरुलाई स्वास्थ्य विमा गर्दा लाग्ने विमा प्रिमियममा प्रति व्यक्ति वार्षिक रु ५००।- नागरपालिकाको तर्फबाट विमा प्रिमियम फिर्ता दिने कार्यक्रम संचालनमा आएको छ । यस कार्यकमबाट २२१३ जना जेष्ठ नागरिक ९० जना पुर्ण अपाङ्ग ३९० जना एकल महिला र १२४ जना जेष्ठ दलित गरी कूल २८१७ जना नगरवासीहरुले यो सुविधा प्राप्त गर्न सक्ने छन् । उक्त कार्यक्रममा सहभागि हुन देहाय वमोजिम हुनु पर्ने व्यवस्था गरिएको छ ।

**तपशिल**

१) प्रत्येक वडामा खटिएको विमा दर्ता सहयोगी मार्फत नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रमको विमा सदस्य भएको हुनु पर्नें छ ।

२) विमित व्यक्तिको उमेर ७० वर्ष पुरा भई सामाजिक सुरक्षा भत्ताको परिचय पत्र प्राप्त भएको तथा पूर्ण अपाङ्गताको परिचय पत्र प्रात भएको हुनु पर्नेछ । पुर्ण अपाङ्गताको हकमा उमेरको हद लाग्ने छैन ।

३) विमा प्रिमियम फिर्ता पाउनको लागि विमा परिचयपत्रको प्रतिलिपी नगरपालिकामा बुझाउनु पर्ने छ ।

४) प्रत्येक वर्ष विमा नविकरण गरे पश्चात मात्र प्रिमियम फिर्ता पाइनेछ ।

५) जेष्ठ नागरिक वा पूर्ण अपाङ्गता भएको व्यक्तिहरुलाई लाग्ने विमा प्रिमियम वापतको प्रति व्यक्ति रु ५००।- न.पा वाट उपलब्ध हुनेछ । बाँकी रकम सम्बन्धित परिवार वा व्यक्ति बाट व्यहोरिनु पर्ने छ ।

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख
कनकाई नगरपालिका
मितिः- २०७४/१२/१४